# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः२०८०।०८१
चलानी नं.: १८९५
मितिः२०८०।०९।०६

**विषयः निर्णय प्रतिलिपि पठाइएको सम्बन्धमा।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरवार, काठमाण्डौ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक।
श्रीमान् प्रमुखज्यू/श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका।
श्री वडा अध्यक्षज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री कार्यपालिका सदस्यज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका।
बनेपा नगरपालिका।
श्री ................................ शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय।

उपर्युक्त सम्बन्ध्मा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८० मंसिर २९ गते बसेको कार्यपालिका बैठकको निर्णय प्रतिलिपि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

**कार्यार्थ**
श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका।
- वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने।

.................
भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : ३३

आज मिति २०८० साल मंसिर २९ गते शुक्रबार दिनको २:०० बजे देहायका विषयहरु.मा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरु.को उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु. गरेको छ ।

**-:: उपस्थिति ::-**

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री लालकृष्ण तिमल्सिना | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री सुशिल थापा | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाईं | उपस्थित |
| २६ | प्रशासकीय अधिकृत | श्री ध्रुवराज नेपाल | उपस्थित |

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

<u>छलफलका विषयहरु:</u>

१ विषयगत समितिको बैठकबाट निर्णय भई पेश भएका योजना अनुमोदन गर्ने सम्बन्धमा।

२ विभिन्न योजनाको म्याद थप सम्बन्धमा।

३ रोजगार रणनीतिको मस्यौदा पेश गर्ने सम्बन्धमा ।

४ नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने सम्बन्धमा।

५ बनेपा नगर अस्पतालमा भएको निर्माण/मर्मतको खर्च व्यवस्थापन सम्बन्धमा।

६ वडा नं . १२ अन्तर्गत बाँसडोल सडक सम्बन्धमा।

७ बनेपा नगरपालिकाको जग्गा विकास तथा हाउजिङ निर्माण सम्बन्धी निर्देशिका, २०७९ संशोधन सम्बन्धमा।

८ डिप बोरिङ अनुमति सम्बन्धमा।

९ नगर सहकारी नियमावली, २०८० र सहकारी संस्थाको आन्तरिक अनुगमन तथा स्वमूल्याङ्कन मापदण्ड, २०८० स्वीकृत गर्ने सम्बन्धमा।

१० तुल्टीफाँट जग्गा पूर्जा प्रदान गर्ने सम्बन्धमा।

११ कानून व्यवसायी सूचिकृत सम्बन्धमा।

१२ जनज्योति मा.वि. बनेपा १० ले जिसस साझेदारको योजना माग सम्बन्धमा।

१३ व्यवसाय दर्ता अभियान सञ्चालन सम्बन्धमा।

१४ विविध।

-::निर्णय::-

१. गत बैठकको निर्णय समीक्षा गरियो ।

२. चालु आ.व. २०८०।०८१ को बजेट तथा कार्यक्रममा स्वीकृत विषयगत शीर्षक अन्तर्गतको बजेटबाट देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्ने गरी विषयगत समितिबाट निर्णय भई सिफारिस भए अनुसारका तपसिल बमोजिमका योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

क) आर्थिक विकास समिति अन्तर्गत:

**कृषि शाखा तर्फ**

१. आर्थिक विकास समितिको यस अगाडिको निर्णयानुसार स्वीकृत कृषि शाखा तर्फको संस्थागत सहकार्यमा कार्यक्रम संचालन शीर्षकमा रहेको रकम रु. ५०,००,०००। रकमान्तर गरी पशु सेवा शाखा तर्फ पशु बिमा कार्यक्रम शीर्षकमा खर्च गर्ने ।

**पशु सेवा शाखा तर्फ:**

१. आर्थिक विकास समितिको यस अगाडिको निर्णयानुसार स्वीकृत कृषि शाखा तर्फको संस्थागत सहकार्यमा कार्यक्रम संचालन शीर्षकमा रहेको रकम रु. ५०,००,०००। बाट नगर क्षेत्रभित्र पशु बिमा कार्यक्रम सञ्चालन गर्ने ।

**गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम तर्फ:**

गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालनका लागि नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान तर्फको कार्यक्रम उद्यम विकास समितिको बैठकबाट स्वीकृत गरी सञ्चालन गर्ने ।

ख) पर्यटन तथा संस्कृती तर्फः

पर्यटन तथा संस्कृति तर्फ विनियोजित कुल रु. १,५२,००,०००। बजेट बाट हरेक वडामा रु. १०,००,०००। का दरले निम्नानुसारका योजना तथा कार्यक्रम सञ्चालन गर्ने ।

| क्र.स. | योजनाको नाम | वडा नं | बिनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | थुम्का शिव मन्दिर निर्माण | २ | रु. दश लाख | |
| २ | चुनाताल खैंजडी भजन | ३ | रु. दुई लाख | |
| ३ | कृष्ण मन्दिर बाटो निर्माण | ३ | रु. तीन लाख | |
| ४ | देविस्थान टुसाल परीसर मर्मत | ३ | रु. पाँच लाख | |
| ५ | जलेश्वर मन्दिर मर्मत सुधार | ४ | रु. दश लाख | |
| ६ | भ्यू टावर मर्मत तथा स्तरोन्नती | ६ | रु. दश लाख | |
| ७ | चन्द्रकृति बिहार पून: निर्माण | ५,७ | रु. बिश लाख | |
| ८ | कोशाल गणेश मन्दिर निर्माण | ८ | रु. दश लाख | |
| ९ | भैरव मन्दिर निर्माण | ९ | रु. पाँच लाख | |
| १० | अशोक चैत्य मन्दिर निर्माण | ९ | रु. पाँच लाख | |
| ११ | शारदा देवी मन्दिर पार्केटिङ | ११ | रु. दश लाख | |
| १२ | बुढा गणेश ट्रष्ट निर्माण | १२ | रु. पाँच लाख | |
| १३ | चुनदेवी मन्दिर वाल निर्माण | १२ | रु. पाँच लाख | |
| १४ | खालचोक डाँडा स्तुपा मर्मत सुधार | १४ | रु. पाँच लाख | |
| १५ | खालचोक स्वास्थ्य चौकी भवन नजिक विश्राम स्थल सहितको बगैंचा निर्माण | १४ | रु. पाँच लाख | |
| १६ | राहुल गाउँ डाँडा पर्यटक स्थल निर्माण | १० | रु. दश लाख | |
| १७ | शुन्दर वस्ति पर्यटन पार्क निर्माण | १३ | रु. पाँच लाख | |
| १८ | थाङचा डाँडा पर्यटन पार्क निर्माण | १३ | रु. पाँच लाख | |
| १९ | चुनमाला देवी मन्दिर मर्मत तथा सिंढी निर्माण | १ | रु. दश लाख | |
| | थप कार्यक्रमहरु | | | |
| १ | दुर्गा मन्दिर मर्मत सुधार | ८ | रु. तीनलाख | |
| २ | च्वापुखु पोखरी संरक्षण | ५/८ | रु. पाँचलाख | |
| ३ | भक्तेश्वर मन्दिर मर्मत सुधार | ६ | रु. दुईलाख | |
| ४ | चण्डेश्वरी मन्दिर अगाडिको पोखरी मर्मत सुधार | ५ | रु. दुईलाख | |

**ग) भुमिब्यवस्था तथा सहकारी तर्फः**

१, भुमि ब्यवस्थापन कार्यक्रम सञ्चालन रु. ९,५०,०००।-

२, सहकारी प्रवर्धन रु. १५,००,०००।-

**घ) राजश्व तथा राजश्व परिचालनका लागि रु. १५,००,०००।-**

**ङ) सामाजिक विकास तर्फ खानेपानी व्यवस्थापन शीर्षकमा विनियोजित कुल रु.३,००,००,०००। बाट देहाय बमोजिमका योजना तथा कार्यक्रम गर्न स्वीकृत गर्ने ।**

| क्र.सं. | शीर्षक | वडा नं. | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | पाण्डे गाँउ खानेपानी योजना | १ | ७,००,०००।- | |
| २. | तामाङ बस्ती खानेपानी योजना | १ | ३,००,०००।- | |
| ३. | ब्याङग ढुङ्गा भञ्ज्याङ खानेपानी योजना | १ | १०,००,०००।- | |
| ४. | झाक्रेभिर मुख्यटोल खानेपानी योजना | २ | ३,००,०००।- | |
| ५. | उवलकाटे गैरो खानेपानी योजना | २ | ४,००,०००।- | |

| क्र.सं. | शीर्षक | वडा नं. | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| ६. | गुफासिङ खानेपानी योजना | २ | ४,००,०००।- | |
| ७. | देविस्थान दोभान खानेपानी योजना | २ | ८,००,०००।- | |
| ८. | बुलबुले मुहान खानेपानी योजना | २ | १,००,०००।- | |
| ९. | सिमखर्कटोल खानेपानी ट्याङ्की निर्माण योजना | २ | ३,००,०००।- | |
| १०. | ऐतिहासिक ढुङ्गाना कुवाको संरक्षण | ३ | २,००,०००।- | |
| ११. | दुवालथुने खानेपानी योजना | ३ | ९,५०,०००।- | |
| १२. | चतुरमान टोल खानेपानी योजना | ३ | ३,००,०००।- | |
| १३. | तल्लोटोल खानेपानी योजना (टुसाल) | ३ | १,५०,०००।- | |
| १४. | मुलडाँडा प्रल्हादथुम्का पर्युखर्क खानेपानी योजना | ३ | ४,००,०००।- | |
| १५. | प्रगतिटोल खानेपानी योजना | ४ | २०,००,०००।- | |
| १६. | नाला करूणामय मन्दिर अगाडि ट्याङ्की मर्मत | ४ | १,५०,०००।- | |
| १७. | सिमल डांडा खानेपानी योजना | ५ | १५,००,०००। | |
| १८. | बुडोल क्षितिज स्कूल खानेपानी ट्याङ्कीबाट धारामा पाइप जोड्ने | ६ | १,५०,०००।- | |
| १९. | रातमाटे खानेपानी मर्मत | ६ | ५,००,०००।- | |
| २०. | भक्तेश्वर खानेपानी मर्मत | ६ | ५,००,०००।- | |
| २१. | नमूना खानेपानी खत्री गाँउ | ६ | ५,००,०००।- | |
| २२. | ठकुरी गाँउ खानेपानी ट्याङ्की निर्माण | ९ | ५,००,०००।- | |
| २३. | शाही टोल ट्याङ्की मर्मत | ९ | ४,००,०००।- | |
| २४. | नयाँ वस्ती ग्वाध खानेपानी ट्याङ्की निर्माण तथा पाइप जडान | ९ | ४,००,०००।- | |
| २५. | आदर्श टोल कुवा तथा ट्याङ्की निर्माण | ९ | २,००,०००।- | |
| २६. | एक घर एक धारा खानेपानी | १० | २५,००,०००।- | |
| २७. | एकिकृत खानेपानी योजना | ११ | २०,००,०००।- | |
| २८. | बालकुमारी कुवा धारा निर्माण | ११ | २,००,०००।- | |
| २९. | गोठेडांडा लिफ्टिङ खानेपानी | १२ | २०,००,०००।- | |
| ३०. | बाझावन खानेपानी | १३ | ४,००,०००।- | |
| ३१. | भैसेपाटी स्पाइनल | १३ | २,००,०००।- | |
| ३२. | सांगा गहीटी पाइप मर्मत | १३ | २,००,०००।- | |
| ३३. | सांगा हईवेटोल पाइप तथा लाइन मर्मत | १३ | २,००,०००।- | |
| ३४. | राहुलडांडा खानेपानी संरक्षण | १३ | २,००,०००।- | |
| ३५. | भैसीपाटी बजार खानेपानी | १३ | ४,००,०००।- | |
| ३६. | बुढाथोकी गांउ लिफ्टिङ खानेपानी तथा सरसफाई | १३ | २,५०,०००।- | |
| ३७. | तिरतिरे धारा मुहान मर्मत तथा पाइप विस्तार | १३ | १,५०,०००।- | |
| ३८. | फलेडांडा खानेपानी योजना | १४ | ४,००,०००।- | |
| ३९. | घाङसाङ खोलाडांडा खानेपानी | १४ | ४,००,०००।- | |
| ४०. | डोल्हेप तिरतिरे धारा क्वान्जे | १४ | ४,००,०००।- | |
| ४१. | खालचोक खानेपानी | १४ | ८,००,०००।- | |

| क्र.सं. | शीर्षक | वडा नं. | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| ४२. | भोटेखोला खानेपानी उपभोक्ता समिति ट्याङ्की निर्माण | १२ | २,००,०००।- | |
| ४३. | बुलेडोल नयाँवस्ती खानेपानी ट्याङ्की निर्माण | ४ | २,००,०००।- | |
| ४४. | एकिकृत खानेपानी व्यवस्थापन | ५,६,७,८ र ९ | ५८,००,०००।- | |
| | | जम्मा | ३,००,००,०००। | |

च) शिक्षा, युवा तथा खेलकुद शाखाको शाखा अधिकृतले सामाजिक विकास समितिको सदस्य सचिवको जिम्मेवारी निर्वाह गर्ने ।

३. अघिल्लो आ.व. २०७९।०८० मा स्वीकृत भई सञ्चालन भई रहेका तपसिल बमोजिमका योजनाहरुको म्याद समाप्त भएका मितिले २०८० साल पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको विवरण | कैफियत |
|---|---|---|
| १ | शान्तिपार्क निर्माण (श्री ज्ञानज्योति/कौशिल बस्नेत/प्रडेज जेभी) | |
| २ | सिनागाल खानेपानी योजना (श्री लुक्ला ड्रिलिङ एण्ड कन्स्ट्रक्सन) | |
| ३ | चण्डेश्वरी सिढी निर्माण (श्री खानी/सिंएम/क्षितिज जेभी) | |
| ४ | जनागाल बृहत खानेपानी योजना (श्री एचआरबी कन्स्ट्रक्सन) | |
| ५ | पुलबजार टिमुरेचौर कृषि सडक (सारस/एस एन) | |
| ६ | काके काशिभञ्ज्याङ बञ्चरे सडक (श्री जेपी हार्डवेयर एण्ड कन्स्ट्रक्सन प्रा.लि.) | |

४. यस नगरपालिकाको चालु आ.व. २०८०।०८१ का लागि स्वीकृत वडा स्तरीय तथा विषयगत समिति मार्फत सिफारिस भएका उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुको संझौताको म्याद मिति २०८० साल पौष २० गतेसम्म कायम गर्ने निर्णय गरियो ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका कार्यक्रम सञ्चालन गर्न तर्जुमा गर्नुपर्ने रोजगार रणनीति मस्यौदा विधायन समितिमा प्रस्तुत गरी उक्त समितिको राय सिफारिस सहित आगामी बैठकमा निर्णयार्थ प्रस्तुत गर्ने ।

६. विधायन समितिको सिफारिस सहित पेश भएका तपसिल बमोजिमका नियमावली तथा कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

क) सहकारी नियमावली, २०८० ।

ख) सहकारी संस्थाको आन्तरिक अनुगमन तथा स्वमूल्याङ्कन मापदण्ड, २०८० ।

ग) बनेपा नगरपालिकाको नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० ।

७. बनेपा नगरपालिका वडा नं. ४ मा रहेको आधारभूत नगर अस्पताल परिसरमा फार्मेसी कक्ष, सेवाग्राही बस्ने प्रतिक्षालय लगायतका मर्मत सम्भार कार्यको प्राविधिक बाट भएको मूल्याङ्कन बमोजिमको रकम भवन निर्माण शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

८. बनेपा नगरपालिका वडा नं. १२ मा पर्ने भैंसेपाटी बाँसडोल सडक स्तरोन्नतीका लागि आ.व. २०७७/७८ को स्वीकृत संघीय समपुरक योजना भैसेपाटी बाँसडोल सडक निर्माण फेज ३ (ठेक्का नं. BNP/NCB/RCN/01/2077/78) निर्माण कार्यको लागि ४ करोड संघीय समपुरक बजेट र नगरपालिकाको ६ करोड समपुरकतर्फको बजेट गरी जम्मा रु १० करोड स्वीकृत रकममा लागत अनुमान रकम रु ९,९६,६०,७९४.१९ (भ्याट र पि.एस.समेत) भएको योजना निर्माण गर्न श्री आत्रेय/शिवाको/बस्नेत जेभीसँग रु ५,६५,८०,००४.२१ मा निर्माण सम्झौता भई कार्यारम्भ गरेको उक्त जेभीले संझौताको म्यादभित्र कार्य सम्पन्न नगरेकाले पटक पटक म्याद थप गरी काम गर्ने अवसर प्रदान हुने क्रममा पछिल्लो पटक मिति २०८० असार मसान्तसम्म कार्यसम्पादन समय रहने गरी म्याद थप भएकोमा त्यसरी थप भएको म्यादभित्र समेत कार्यसम्पन्न नगरी बसेका कारण उक्त सडक प्रयोग गर्ने

स्थानीय जनताहरुबाट बिरोध भईरहेको तथा समयमै कार्य सम्पन्न नभएका कारण नगरपालिकाको कार्यसम्पादन प्रति नै नकारात्मक स्थिति सिर्जना हुन गएको सम्बन्धमा यस नगरपालिकाको खरिद मूल्याङ्कन समितिको सिफारिस समेतका अधारमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (२) को देहाय (क) र ऐऐ दफा ५९ को उपदफा (७) बमोजिम उक्त जेभीसँग भएको संझौताको म्याद समाप्त भएकै मितिबाट लागु हुने गरी संझौता अन्त्य गर्ने,

ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (८) बमोजिम उक्त जेभीले राखेको पुरै जमानत जफत गर्ने र संझौता अन्त्य भएका कारणले संझौता बमोजिमको बाँकी रहेको कार्य पुरा गर्न लाग्ने प्राविधिकबाट भएको मूल्याङ्कन बमोजिमको रकम उक्त जेभीबाट सरकारी बाँकी सरह असुलीका लागि कार्वाही अगाडी बढाउने,

ग) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) को देहाय (ग) बमोजिम उक्त जेभीले संझौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको देखिदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१(१) बमोजिम उक्त जेभीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने ।

९. नगर क्षेत्रभित्र नगरपालिकाको पूर्व स्वीकृति बेगर जग्गा विकासको कार्यक्रम नगर्न यस अगावै पटक पटक सार्वजनिक सूचना मार्फत जानकारी गराउँदा समेत जथाभावी डोजर लगाउने तथा जग्गा विकासका कामहरु भईरहेको देखिएकाले नगरपालिकाको स्वीकृति बेगर गरिएको जग्गा विकास (प्लटिङ) क्षेत्रभित्रका जग्गाहरुको घरबाटो सिफारिस सम्बन्धित वडाले हाललाई रोक्का राख्ने र सोही व्यहोरा मालपोत कार्यालय तथा नापी कार्यालय, काभ्रेपलाञ्चोकमा समेत लेखी पठाउने निर्णय गरियो ।

१०. बनेपा नगरपालिका वडा नं. १२ मा पर्ने नागी डाँडामा लस्ट होराइजन जङ्गल रिसोर्ट नामको होटल निर्माण भई रहेको र उक्त रिसोर्टका लागि खानेपानी तथा सरसफाईका लागि आवश्यक पानी नभएकाले उक्त रिसोर्टका सञ्चालक चेतन प्रधानका नाममा दर्ता रहेको का.प.जि. साविक महेन्द्रज्योति वडा नं २ मा पर्ने कि.नं. ३७४ को जग्गामा ६ इन्चको डिप बोरिङ गरी पानी आपूर्तिको व्यवस्था गर्न र उक्त बोरिङ गर्दा वरिपरिका श्रोतहरु सुक्न नदिन आवश्यकता अनुसारको संरक्षण तथा रिसोर्टबाट उत्पादित फोहोरको समूचित व्यवस्थापन हुने गरी डिपबोरिङ गर्न अनुमति प्रदान हुन भनि सम्बन्धित वडाको सिफारिस सहित प्राप्त निवेदन उपर छलफल गर्दा वडाको पत्रमा उल्लेख भए बमोजिम हुने गरी उक्त रिसोर्टका लागि आवश्यक पानीको व्यवस्था गर्न उक्त कित्ता जग्गामा ६ इन्च साइजको डिप बोरिङ गर्न स्वीकृति दिने निर्णय गरियो ।

११. बनेपा नगरपालिका वडा नं. ८ मा यस नगरपालिका अन्तर्गत भएको जग्गा विकास कार्यक्रम (ल्याण्ड पुलिङ) आयोजना क्षेत्रमा पर्ने जग्गाधनीहरु मध्ये बनेपा नगरपालिका वडा नं. ८ बस्ने चन्द्रमान मानन्धरले आफ्ना नाममा दर्ता भई भोगचलन गरी आएको का.प.जि. साविक बनेपा ४क हाल बनेपा नगरपालिका वडा नं. ८ मा पर्ने कि.नं.१२२ क्षेत्रफल ०-५-०-० र ऐऐ कि.नं. १२५ क्षेत्रफल ०-४-२-३ भएका कित्ता जग्गा मध्ये परियोजनाले कटाई बाँकी हुन आउने जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जा उपलब्ध गराई दिन हुन भनि मिति २०८०।८।८ निवेदन पेश गर्नु भएको सम्बन्धमा कार्वाही हुँदा परियोजनाको नियमानुसार योगदान बापतको जग्गा कटाई कायम भएको नक्सामा उल्लेखित कि.नं. ३० क्षे.फ. ०-६-०-२ भएको एक कित्ता जग्गा निजका नाममा जग्गाधनी प्रमाण पूर्जा उपलब्ध हुन मालपोत कार्यालय, काभ्रेपलाञ्चोकमा लेखी पठाउने निर्णय गरियो ।

१२. बनेपा नगरपालिकाको कानूनी सहायता कोष सञ्चालन कार्यविधि, २०८० बमोजिम न्यायिक समिति प्रयोजनका लागि सेवाग्राहीहरुमा कानूनी सहायता प्रदान गर्ने प्रयोजनका लागि आवेदन गर्ने तपसिल बमोजिमका कानून व्यवसायीहरुलाई सूचीकरण गरी सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्ने निर्णय गरियो ।

क) अधिवक्ता श्री कृष्णप्यारी नकर्मी

ख) अधिवक्ता श्री रामशरण घिमिरे

ग) अधिवक्ता श्री तीर्थराज दाहाल

घ) अधिवक्ता श्री मुकुन्द मुनांकर्मी

१३. यस नगरपालिका क्षेत्रभित्रका तपसिल बमोजिमका विद्यालयहरुले विद्यालय भवन निर्माणका लागि जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोकको लागत सहभागितामा श्रोत व्यवस्था हुने गरी सिफारिस गरिदिन भनि लेखी आएको हुँदा प्राविधिक स्टिमेटको चालीस प्रतिशत यस नगरपालिकाबाट र साठी प्रतिशत जिल्ला समन्वय समितिबाट व्यहोर्ने गरी योजना समावेश गरिदिन जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोकमा अनुरोध गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री जनज्योति माध्यामिक विद्यालय | बनेपा-१० | |
| २ | श्री चण्डेश्वरी माध्यामिक विद्यालय | बनेपा-४ | |
| ३ | श्री स्वेत बराह माध्यामिक विद्यालय | बनेपा-२ | |
| ४ | श्री रत्नचुडेश्वर माध्यामिक विद्यालय | बनेपा-२ | |

१४. बनेपा नगरपालिका वडा नं. ८ लायकु मञ्च अगाडी वडा नं. ८ र ९ को सिमानामा पर्ने भोत मार्गमा बनेपा नगरपालिका वडा नं. ८ र ९ ले संयुक्त रुपमा निर्माण प्रारम्भ गरेको निर्माणाधिन लायकु द्वखा (गेट) निर्माण कार्यको स्वीकृत ल.ई. र प्राविधिकको मूल्याङ्कन बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

१५. बनेपा नगरपालिकाको वडा स्तरीय तथा नगर स्तरीय योजना अनुगमन समितिबाट हालसम्म भएका योजना अनुगमन सम्बन्धी प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

१६. सडक बोर्ड नेपालबाट चालु आ.व. २०८०।०८१ का लागि योजना सिफारिस गर्न लेखी आएका सम्बन्धमा छलफल हुँदा उक्त बोर्डमा नाला नगरकोट सडक मर्मत सुधार योजना सिफारिस गर्ने निर्णय गरियो ।

१७. बनेपा नगरपालिका वडा नं. ७ को मिति २०८०।७।२० च.नं. ५४२ बाट अनुरोध भई आए बमोजिम तपसिल बमोजिमको नगर स्तरीय योजनाको रकम रकमान्तर गर्ने निर्णय गरियो ।

| क्र.सं. | स्वीकृत योजनाको नाम | रकमान्तर हुने योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सत्यसाई हस्पिटलबाट भिमसेनस्थान जाने बाटो | वडा कार्यालय भवन देखि भिमसेन मन्दिरसम्मको बाटो ढुङ्गाछाप्ने | १५,००,०००। | |

१८. तपसिल बमोजिमका व्यक्ति/संस्थाले विभिन्न प्रयोजनका लागि आर्थिक सहयोग माग गरी दिएका निवेदन उपर छलफल गर्दा देहाय बमोजिम सहयोग गर्ने निर्णय गरियो ।

| क्र.सं. | व्यक्ति संस्थाको नाम | प्रयोजन | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पर्वतारोही एवं साहित्यकार श्री लक्ष्मण सापकोटा | सगरमाथा आरोहण | ५०,०००। | |
| २ | श्री पेमा धेजेलिङ गुम्बा, बनेपा १४ | भुकम्पले क्षति भएका गुम्बा सञ्चालन सामग्री व्यवस्थापन | १,५०,०००। | |
| ३ | श्री मनिता श्रेष्ठ, बनेपा ११ | अर्बुदरोग उपचार | ३०,०००। | |
| ४ | काभ्रे तेक्वाण्डो एकेडेमी, बनेपा | मेयर कप तेक्वान्दो प्रतियोगिता आयोजना | ३,००,०००। | |
| ५ | श्री निरञ्जन जोशी-बनेपा १४ | घर आगलागी | १,००,०००। | |